नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०३-२३ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य रहेको तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।**

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : असार-२३ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने, **कोशीका सहायक नदीहरु सुनकोशी, भोटेकोशी, तामाकोशी, दुधकोशी, अरुण, तमोर लगायतमा बहाव केही बढ्ने,** **नारायणी र यसका सहायक नदीहरु विशेषगरी त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी लगायतमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पुग्न सक्ने पूर्वानुमान छ।**
- आज पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने, **कन्काई, कमला, बागमती, पुर्वी राप्ती, तिनाउ** जलाधारका स-सना सहायक नदीहरुमा बहाव उल्लेख्य बढ्ने र केही साना नदीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को संखुवासभा, सोलुखम्बु, खोटाङ, भोजपुर, ओखलढुङ्गा, उदयपुर, सुनसरी,**पाँचथर, ताप्लेजुङ, मोरङ, तेह्रथुम, इलाम, झापा, धनकुटा,** , प्रदेश २ को सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, बागमती प्रदेशको सिन्धुली, मकवानपुर, चितवन,धादिङ,काठमाण्डौ, सिन्धुपाल्चोक, दोलखा,रामेछाप, काभ्रेपलाञ्चोक, **रसुवा**, गण्डकी प्रदेशको गोरखा, तनहुँ, लमजुङ,कास्की, पर्वत, बाग्लुङ, म्याग्दी, नवलपुर, **मनाङ, मुस्ताङ**, लुम्बिनी प्रदेशको नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम पूर्व, दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको रुकुम पश्चिम, **सल्यान, जाजरकोट, कालिकोट, दैलेख**, सुदूरपश्चिम प्रदेशको **डोटी, दार्चुला,** बझाङ, अछाम, कैलाली र आसपास जिल्ला भई बहने स-साना नदीजलाधारमा बहाव केही बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ।

### पूर्वानुमान भोलि: असार- २४ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, **कोशीका सहायक नदीहरुमा बहाव बढ्ने तथा नारायणी र यसका सहायक नदीहरु विशेषगरी त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी लगायतमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पार गर्न सक्ने पूर्वानुमान छ।**
- भोलि पश्चिम राप्ती, बबई लगायतमा बहाब केही बढ्ने, कन्काई, कमला, बागमती लगायतका नदीहरुमा बहाव बढ्ने तथा **पुर्वी राप्ती, तिनाउ र यीनका सहायक नदीहरुमा बहाब उल्लेख्य बढ्ने र केही साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- भोलि प्रदेश **१, २, बागमती,** गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : असार- २५ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कर्णाली र यसका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने, कोशी, नारायणी, **महाकाली** र यसका सहायक नदीहरुमा बहाव बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- पर्सी पश्चिम राप्ती, बबई, कन्काई लगायतमा बहाब केही बढ्ने, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ लगायतमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह सम्म पुग्न सक्ने पूर्वानुमान छ ।
- पर्सी प्रदेश **१, २, बागमती,** गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केही साना नदीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आज **कोशीका सहायक नदीहरु सुनकोशि, भोटेकोशी, तामाकोशी, दुधकोशी, अरुण, तमोर लगायतमा बहाव केही बढ्ने,** नारायणी र यसका सहायक नदीहरु विशेषगरी त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी तथा **कन्काई, कमला, बागमती, पुर्वी राप्ती, तिनाउ** लगायतमा बहाब उल्लेख्य बढी केहीमा सतर्कता तह पुग्न सक्ने र केही स-सना नदीहरुमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान रहेकाले तटीय क्षेत्र र डुबान भइरहने क्षेत्रहरूका क्रियाकलापमा सतर्कता अपनाई राखौ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

**नोट:** **पहेलो** रङले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङले **उच्च जोखिमको** संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3186)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।